# तुलसीपुर नगरपालिका
## तुलसीपुर, दाङ्ग

## २०औं नगरपरिषद

आज मिति २०७२ साल पौष २४ गतेका दिन यस तुलसीपुर नगरपालिकाका नगर प्रमुख एवं कार्यकारी अधिकृत श्री डिल्लीराज बेल्बासेज्यूको अध्यक्षतामा स्थानीय विकास मन्त्रालयको च.न. २७३ मिति २०६८/९/२० को पत्रानुसार २०औं नगरपरिषदको वैठक वसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :**

१) नगर प्रमुख एवं कार्यकारी अधिकृत श्री डिल्लीराज वेल्वासे     तुलसीपुर नगरपालिका

**सहजकर्ता :**

| | |
|---|---|
| १) प्रशासकीय अधिकृत श्री शुभाष गौतम | तुलसीपुर नगरपालिका कार्यालय |
| २) समाजकल्याण अधिकृत श्री टोप वहादुर डागी | तुलसीपुर नगरपालिका कार्यालय |
| ३) वित्तिय अधिकृत श्री ललित वहादुर घर्ति | तुलसीपुर नगरपालिका कार्यालय |
| ४) लेखा अधिकृत श्री पुष्करराज रिजाल | तुलसीपुर नगरपालिका कार्यालय |
| ५) शाखा अधिकृत श्री काजु शर्मा | तुलसीपुर नगरपालिका कार्यालय |
| ६) ईञ्जिनियर श्री पवन कुमार योगी | तुलसीपुर नगरपालिका कार्यालय |
| ७) कानुनी सल्लाहकार श्री गोकर्ण डांगी | तुलसीपुर नगरपालिका कार्यालय |
| ८) ना.सु. सुचना शाखा श्री झरेन्द्र कुमार खरेल | तुलसीपुर नगरपालिका कार्यालय |
| ९) कम्प्यूटर अपरेटर श्री जुद्धविर विश्वकर्मा | तुलसीपुर नगरपालिका कार्यालय |

**निर्णय नं.१ (एक)**

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार निम्न लिखित विषयहरुमा निर्णय गर्न न.पा.वोर्डलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

क) तुलसीपुर नगरपालिका क्षेत्रभित्र विविध विषयहरुमा विषयगत समिति तथा उप समिति र अन्य आवश्यक विषयगत समिति उप समिति गठन गर्ने ।

ख) तुलसीपुर नगरपालिकाको आय व्ययको अन्तिम लेखापरिक्षणको लागि लेखापरिक्षक नियुक्ति गर्ने ।

ग) विनियमावली, कार्यविधि र निर्देशिका बनाई पारीत गर्ने ।

घ) तुलसीपुर नगरपालिका क्षेत्रभित्र सामुदायिक तथा निजी आवासीय विद्यालय स्थापना गर्न सिफारिस माग भै आएमा विद्यालय स्थापना गर्ने स्थानको स्थलगत निरिक्षण गरी भौतिक पूर्वाधारहरुको अवस्था उपयुक्त देखिएमा सिफारिस गर्ने ।

ङ) ऐनको दफा ९६ (१) घ (१) बमोजिम आफ्नो श्रोतबाट तुलसीपुर नगरपालिका क्षेत्रमा पुर्व प्राथमिक विद्यालय स्थापना गर्न माग भै आएमा विद्यालय स्थापना गर्ने स्थानको स्थलगत निरिक्षण गरी भौतिक पूर्वाधारहरुको अवस्था उपयुक्त देखिएमा अनुमति दिने ।

**निर्णय नं २ (दुई)**

तुलसीपुर नगरपालिकाबाट संचालित योजनाहरु जांचपास समितिको सिफारिसमा न.पा.वोर्डले फरफारक गरेका आ.व.२०७१/०७२ मा सम्पन्न योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न. ३ (तिन)**

चालु आ.व.२०७२/०७३ को पौष मसान्त सम्मको अवधिमा सर्वदलिय/सर्वपक्षिय बैठक ,अन्य निर्देशित समितिहरु र न.पा.वोर्ड वैठक बसी गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने गरियो ।

**निर्णय नं. ४ (चार)**

स्थानीय स्वास्यत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ले व्यवस्था गरे बमोजिम आवश्यक्ता अनुसार बिभिन्न प्रकारका सर्बदलीय/ सर्बपक्षिय समिति र उपसमितिहरु गठन गर्न तुलसीपुर नगरपालिका बोर्डलाई अख्तीयारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाच)**

तुलसीपुर नगरपालिका राप्ती अञ्चलको अञ्चल सदरमुकाम भएको परिप्रेक्षमा सबै जसो अञ्चल स्तरीय सरकारी कार्यालयहरु तुलसीपुरमै रहेकोले अव उप्रान्त स्थापना हुने प्रदेश स्तरीय कार्यालयहरु पनि तुलसीपुरमै स्थापना गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ (छ )**

तुलसीपुर नगरपालिका कार्यालयमा विगत वर्ष देखि कानूनी परामर्श दिदै आउनुभएका अधिवक्ता श्री गोकर्ण डागीलाई आ.व.२०७३/०७४ मा पनि कानूनी सल्लाहकारको रुपमा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ७ (सात)**

तुलसीपुर उद्योग वाणिज्य संघलाई अनुदान स्वरुप विगत आ.व.देखि उपलव्ध गराउदै आएको व्यापार व्यवसाय करवाट उठेको कुल रकमको २० (बीस) प्रतिशतले हुन आउने रकम आ.व. २०७३/०७४ मा सार्बजनिक निजी साझेदारी कार्यक्रम संचालन गर्ने गरी उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ (आठ)**

तुलसीपुर नगरपालिका कार्यालयका कर्मचारी र नगरपालिकालाई बिभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउने उत्कृष्ट संघ, संस्था, बिद्यालय तथा उद्यमी ,ब्यापारी, सञ्चारकर्मी तथा समाजसेवी व्यक्तिहरुलाई नगरपालिका स्थापना दिवशको अवसरमा पुरस्कृत तथा सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय न. ९ (नौं)**

तुलसीपुर नगरपालिका दाङको २०औं नगरपरिषदबाट अनुसूचि १ अनुसारको कर्मचारी दरबन्दी लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न.१० (दश)**

तुलसीपुर नगरपालिका कार्यालयले नगरबासीलाई उपलव्ध गराउने सेवा तथा सुविधा प्रभावकारी ढंगबाट पुर्‍याउन तुलसीपुर नगरपालिकाको क्षेत्र बिस्तार भई ९ वटा वडाहरु थप हुन आएकोले साबिकका गाबिसका कर्मचारीहरु समेत समायोजन गरी १९ नगरपरिषदको स्वीकृत दरबन्दी संख्या ६१ (एकसट्ठि )बाट ७१ (एकहत्तर) बनाई अनुसुची-२ अनुसार संगठनात्मक स्वरुप (दरबन्दी चार्ट) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ (एघार)**

तुलसीपुर नगरपालिकाको क्षेत्रबिस्तार भएको सन्दर्भमा मौजुदा दरबन्दी पुनरावलोकन गर्न संगठन बिकास अध्ययन( OD) गराई प्राप्त प्रतिवेदनका आधारमा नयां दरबन्दी संरचना स्वीकृतका लागि संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा पठाई स्वीकृती प्राप्त पछि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ (बाह्र)**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार तुलसीपुर नगरपालिका क्षेत्रभित्र लगाईने बिभिन्न कर,दस्तुर, शुल्क, महसूल , एकिकृत सम्पत्ति कर , सिफारिस दस्तुर लगाएत राजश्व सम्बन्धि थप अध्ययन र अनुसन्धान गरि नगरस्तरिय राजश्व परामर्श समितिको सिफारिस समेतलाई मध्य नजर गरि आ.व.०७३/०७४ को लागि करका दरवन्दी (अनुसुची ३) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ (तेह्र)**

तुलसीपुर नगरपालिका वडा नं. ६ स्थित नं. १९ नं बाहिनी अडडाको मुख्य प्रवेशद्धार हुदै दक्षिण शिखरकोलनी जोडने बाटोको ट्र्याक खोल्न तथा विस्तारका लागी पुनरावेदन अदालत तुलसीपुर, पुनरावेदन सरकारी वकिल कार्यालय तुलसीपुर र लोक सेवा आयोग राप्ती अञ्चल कार्यालयलाई आवश्यक सहयोगका लागी अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ (चौध)**

तुलसीपुर नगरपालिका कार्यालय दाङको आ.व.२०७३/०७४ मा अनुसुची ५ बमोजिमको आय अनुमान रु २१८७६०००० ( एक्काईस करोड सतासीलाख साठी हजार मात्र) २०औं नगरपरिषद वाट स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न १५ (पन्ध्र)**

तुलसीपुर नगरपालिका कार्यालय दाङको आ.व.२०७३/०७४ मा अनुसुची ६ बमोजिमको ब्यय अनुमान २१८७६०००० (एक्काईस करोड सतासीलाख साठी हजार मात्र) २०औं नगरपरिषद वाट स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६ (सोह्र)**

तुलसीपुर नगरपालिका क्षेत्र भित्र सार्बजनिक /ऐलानी प्रति जग्गामा निर्माण भएका संरचनाहरुको लगत तयार गरी प्रचलित कानुनको अधिनमा रहि सर्बदलीय/ सर्बपक्षीय सहमतिका आधारमा निश्चित मापदण्ड तयार गरी मापदण्ड भित्र पर्ने त्यस्ता संरचनाहरुमा नियमानुसार बिद्युत, खानेपानी, टेलिफोनको माग भई निवेदन प्राप्त भएमा बिगतमा दिदै आएको र बीचमा रोकिएको बिद्युत,खानेपानी र टेलिफोन को सिफारिस दिने प्रकृयालाई आवश्यक सिफारिस दस्तुर लिई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १७ (सत्र)**

तुलसीपुर नगरपालिका कार्यालय दाङ्गको आ.व.२०७३/०७४ को लागि अनुसूचि-७ मा उल्लेखित योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ (अठार)**

तुलसीपुर नगरपालिकाको २०औं नगरपरिषदका लागि २० वटै वडामा सम्पन्न वडा भेलाहरुबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरु (अनुसूचि-८) अनुसारको प्रति वडा रु १५००,०००। का दरले हुने रकम रु ३०००००००।०० (तिन करोड) विकास अनुदानवाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९ (उन्नाई)**

तुलसीपुर नगरपालिकाको २० वटै वडाहरुको समानुपातिक विकास गर्दै जाने उद्देश्य अनुरुप नगरपालिकाको सिमित श्रोत र साधनले नभ्याउने तथ्यलाई मध्येनजर राख्दै निम्नानुसारका (अनुसूचि-९) विकास अयोजनाहरु छनौट गरि कार्यान्वयन गरिदिन जिल्ला विकास समितिको कार्यालय दाङ्ग र केन्द्रिय निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० (बीस)**

तुलसीपुर नगरपालिकाको आ.ब. २०७३/०७४ का लागि २०औं नगरपरिषदबाट स्वीकृत कार्यक्रमहरु आवश्यक्ता अनुसार थप अनुदान सहित बांडफांड गरी कार्यान्वयन गर्न न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ (एक्काईस)**

तुलसीपुर नगरपालिकाको फोहरमैला ब्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि एक सर्बपक्षिय समिति गठन गरी सोको निर्देशिका तयार गरी आवश्यक कारवाही अघि बढाउन बोर्डलाई अधिकार प्रयोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं २२ (बाईस)**

यस नगरपालिकामा सेवा करारमा कार्यरत तपसीलका कर्मचारीहरुको म्याद एक बर्षका लागि थप गर्ने निर्णय गरियो ।

**तपसिलः**

| नाम | पद | थप गरीएको अवधि |
|---|---|---|
| पवन कुमार योगी | इन्जिनियर | २०७३ श्रावण देखि २०७४ असार मसान्त सम्म |
| लेख बहादुर खत्री | ड्राइभर | " |
| काली प्रसाद भंगी | स्विपर | " |
| हिक्मत चौधरी | स्विपर | " |
| मनिराम चौधरी | प्लम्वर | " |
| बिकास बिक | ड्राईभर | ,, |

**निर्णय न.२३ (त्याईस)**

तुलसीपुर नगरपालिका क्षेत्रभित्र सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गर्ने कार्य दिनानुदिन वढदै गएको हुदां उक्त कार्यलाई पूर्ण रुपमा नियन्त्रण गर्ने कार्यका लागि सर्वदलिय/सर्बपक्षीय वैठक वसी वैठकवाट भएका निर्णयहरु कडाईका साथ कार्यान्वयन गर्न गराउन श्री जिल्ला प्रशासन कार्यालय दाङ्ग लगायत सम्वद्ध निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न.२४(चौबीस)**

तुलसीपुर नगरपालिकाले बिगतदेखि लगाउदै आएको एकिकृत सम्पत्ति करको पुनरावलोकन गर्ने निर्णय गरियो ।

**निर्णय न.२५ (पच्चीस)**

तुलसीपुर नगरपालिकाको भौतिक पूर्वाधार विकासको लागि आवश्यक पर्ने प्राविधिक उपकरणहरु ( स्काईभेटर, लोडर, रोलर, कम्प्याक्टर र डोजर) उपलब्ध गराई दिन श्री संघिय मामिला तथा स्थानीय विकास मंत्रालय मा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. २६ (छब्बीस)**

राप्ती अञ्चल भित्र रहेका बिभिन्न पर्यकीय स्थलहरुको एकिकृत रुपमा पर्यटन प्रर्वद्धन गर्नका लागि गठित राप्ती अञ्चल पर्यटन पर्बद्धन समितिको बार्षिक शुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. २७ (सत्ताईस)**

तुलसीपुर नगरपालिकाको क्षेत्र बिस्तार भएको तथा बढदो शहरीकरणका कारण दैनिक रुपमा बृद्धि हुदै गएको फोहरलाई सार्बजनिक निजि साझेदारीको अवधारणा अनुसार फोहरमैला ब्यवस्थापन गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८ (अठ्ठाईस)**

**तपसिल बमोजिमका नीति तथा योजनाहरु बनाई लागू गर्ने निर्णय गरियो ।**

क)तुलसीपुर नगरपालिकाको आवधिक योजना अद्यावधिक(२०७२/०७३ देखि २०७६/०७७) ।

ख) तुलसीपुर नगरपालिकाको पर्यटन बिकास गूरुयोजना ।

ग) तुलसीपुर नगरपालिकाको भूउपयोग योजना ।

घ) स्थानीय बिपद ब्यवस्थापन योजना ।

**निर्णय नं २९(उनान्तीस)**

तुलसीपुर नगरपालिका वडा न. ५ ग लाईन हाल तरकारी मण्डी रहेको स्थानमा(ब्यापारिक भवन) Shopping complex निर्माण गर्न उक्त स्थानमा हाल सम्भाब्यता अध्ययन भईरहेकोले Shopping complex निर्माणका लागि सम्वन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ३० (तीस)

राप्ती बवई क्याम्पसलाई आंगिक क्याम्पसका लागि सम्बन्धन प्राप्त गर्नका लागि सम्बन्धित बिश्व बिद्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ३१ (एकतिस)

तुलसीपुर नगरपालिका वडा नं. ५ स्थित नयां बसपार्कमा हाल अटोवर्कसपहरु सञ्चालन भइ बसपार्कको पूर्वाधार विकास र व्यवस्थापन गर्न असहज भइरहेको सन्दर्भमा अटोवर्कसपलाई वैकल्पिक स्थानमा स्थानान्तरणका लागी  गोलौरा र रजौराको पश्चिमी भागमा रहेको पातुखोलाको पूर्वी किनार एवं सरस्वती सामुदायिक वनको केही भागमा पर्ने बगर उकास गरी व्यवस्थित र आधुनिक अटोभिलेज (Auto Village) स्थापना गरी सोको दिर्घकालिन व्यवस्थापनका लागि सरोकारावालाहरुसंग पहल गर्नुका साथै सम्बन्धीत निकायहरुमा अनुरोध गर्ने  निर्णय गरियो ।

## निर्णय नं ३२ (बत्तीस)

जनस्वास्थ्य कार्यालय दाङ्गको सहयोगमा यस नगरपालिका क्षेत्र भित्र दुई स्थानमा शहरी स्वास्थ्य क्लिनिक सांचालनमा रहेको,वडा नं. ७ मा भवन समेत निर्माण भई उक्त भवनबाटै कार्यसञ्चालन भईसकेकोले वडा नं. ९मा भवन निर्माणका लागि र हाल नगरपालिकाको क्षेत्र बिस्तार  भएकाले थप एक शहरी स्वास्थ्य क्लिनिक माग गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ३३ (त्यात्तिस)

तुलसीपुर स्थित टरिगाउ एयरपोर्टबाट प्रभावकारी रुपमा हवाई सेवा संचालन गर्न  एयरपोर्ट परिसरमा ईन्धन डिपोको  स्थापना, निजि क्षेत्रका हवाई कम्पनीहरुलाई  सेवा सञ्चालन गरीदिन अनुरोध गर्दै  एयरपोर्टको धावन मार्ग कम भएकोले सोको बिस्तार गरिदिन  नेपाल सरकार नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयलाई  अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ३४ (चौतीस)

तुलसीपुर नगरपालिका वडा नं. ५ मा रहेको घरेलु तथा महिला शिल्पकलाको भवनलाई तुलसीपुर नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक प्रकृयाका लागि संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय मार्फत सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं.३५ (पैतिस)

तुलसीपुर क्षेत्रमा कृयासिल गैरसरकारी संस्थाहरुले आफ्ना कार्यक्रमहरु संचालन गर्दा नगरपालिकाको समन्वय र सहकार्यमा मात्र सञ्चालन गर्न गराउन न.पा. बोर्डलाई निर्देशन गर्ने निर्णय गरियो ।

## निर्णय नं.३६ (छत्तीस)

तुलसीपुर नगरपालिका क्षेत्रभित्र रहेका हलवार स्वास्थ्य चौकी, टरीगाउ उपस्वास्थ्य चौकी र उरहरी उपस्वास्थ्य चौकीबाट प्राप्त भएको आर्थिक बर्ष २०७३/०७४ को बार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं.३७ (सैतिस)

तुलसीपुर नगरपालिकाका नाममा दर्ता श्रेष्ता रहेको बसपार्क स्थित साबिक वडा नं. ५ख कि.नं.५४३ समेतमा यस नगरपालिकाले विगतमा गरेको निर्णय बमोजिम निस्सा दिई निजहरुले भौतिक निर्माण गरी बसोबास गरीरहेको परिप्रेक्षमा निजहरुलाई व्यवस्थित रुपले बसोबास गर्न निस्सापाई बसोबास गरीरहेका व्यक्तिहरुलाई प्रचलित कानुन बमाजिम व्यवस्थित रुपले बसोबास गराउने कार्यका लागि पहलकदमी लिन नेपाल सरकार,संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा अनुरोध गर्ने  निर्णय गरियो ।

## निर्णय नं.३८ (अठतिस)

तुलसीपुर नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक तथा पुरातान्वीक महत्वका सार्बजनिक  क्षेत्र तथा मठ मन्दिर , गुम्बा, चर्च,मस्जीद ,तालतलैया, सार्बजनिक स्थल, बाटो, ऐलानी जग्गाहरुको लगत अद्यावधिक गरी  संरक्षण ,संबर्द्धन र भौतिक पुर्बाधार बिकासका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने  निर्णय गरीयो ।

## निर्णय नं ३९ (उनान्चालिस)

यस तुलसीपुर नगरपालिका क्षेत्रभित्र रहेका पानीका श्रोतहरु (मुहान) लाई संरक्षण र सम्बर्द्धन गर्दै थप श्रोतहरुको खोजि गर्न नगरपालिका क्षेत्रभित्र रहेका खानेपानी उपभोक्ता तथा सरसफाई समितिसंग समन्वय  गर्नका साथै बजार बिस्तार तथा बजार उन्मुख क्षेत्रलाई मध्यनजर गर्दै पाईप लाईन बिस्तारका लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

## निर्णय नं.४० (चालिस)

**तपसिल बमोजिमका निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न न.पा. बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।**

क) मर्मत सम्भार कोष निर्देशिका तथा कार्यविधि
ख) घरनक्सापास निर्देशिका (संशोधन)तथा कार्यविधि
ग) कर्मचारी कल्याणकोष संचालन निर्देशिका
घ) संगठन बिकास निर्देशिका
ङ) चक्रपथ निर्माण तथा व्यवस्थापन निर्देशिका तथा कार्यविधि

च) बिपत व्यवस्थापन कोष संचालन निर्देशिका
छ) पशुबधशाला संचालन सम्बन्धि मापदण्ड
ज))नगरप्रोफाइल तयार तथा अध्यावधिक
झ)सार्वजनिक निजी साझेदारी निर्देशिका तथा कार्यविधि
ञ)सरसफाई शुल्क निर्देशिका तथा कार्यविधि
ट)बलमैत्री निर्देशिका तथा कार्यविधि

**निर्णय नं.४१ (एकचालिस)**

तुलसीपुर नगरपालिकाको आर्थिक बर्ष २०७३/०७४ को बार्षिक कार्यतालिका तथा बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४२ (बयालिस)**

तुलसीपुर नगरपालिकाको नगर क्षमता बिकास योजना २०७३ निर्माण गरी क्रमश : लागू  गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ४३ (त्रिचालिस)**

तुलसीपुर नगरपालिकाले संचालन गर्ने गतिबिधिहरुलाई स्थानीय स्वायत्त शासन ऐन तथा न्युनतम शर्त तथा कार्यसम्पादन मापनको मापदण्ड बमोजिम पारदर्शी रुपमा सहज एवं सरल तरिकाले नगरबासीहरुलाई जानकारी गराउने अभिप्रायले बिगत बर्षहरु देखि प्रशारण हुदैं आएको **हाम्रो तुलसीपुर** कार्यक्रम स्थानीय एफ.एम रेडियोहरु तथा टेलिभिजनमा प्रशारण गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४४ (चवालिस)**

तुलसीपुर नगरपालिका वडा नं. ५ बधशालामा रहेका स्टलहरुमा हाल लगाउदै आएको भाडादरलाई समसामयीक बनाउन बिगतका नगरपरिषदबाट तोकिएको भाडादरमा नघटने गरी नगरपालिका, राजनीतिक दल तथा मासु व्यवस्यायीहरुको समन्वयमा आवश्यक प्रकृया पुरागरी  उचित व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५(पैतालिस)**

यस नगरपालीकाको आ.व २०७१/०७२ को लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरुजु संम्बन्धमा आवश्यक कारवाही गर्न न.पा. लाइ निर्देशन दिदै **B.G and Company का** लेखापरिक्षक गंगाबहादुर के.सी.ले पेश गरेको लेखापरिक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं ४६ (छयालिस)**

तुलसीपुर नगरपालिका वडा नं ९ स्थित दोघरे जग्गा एकीकरण (Land Pulling) कार्यक्रमका लागि आवश्यकपर्ने भौतिक पूर्वाधार खानेपानी, विद्युत, टेलिफोन, ढल निकाश तथा सडक निर्माण तथा विस्तारमा सहयोग गरिदिनका लागि सम्वन्धित सरकारी निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७ (सतचालिस)**

नगरपालिकाको स्वामित्वमा रहेको फुलबारी गा.बि.स. स्थित २-१८-० जग्गाको संरक्षण एवं भौतिक पुर्बाधार बिकास गर्न नगरपालिकाबाट आवश्यक  साधन र श्रोतको व्यवस्था गर्ने  निर्णय गरियो ।

**निर्णय नं. ४८ (अठचालिस)**

पुष्पलाल बालउद्यानको पश्चिम तर्फको खाली स्थानमा चमेना गृह निर्माण,सवारी पाकिङ्गका साथै समग्र पार्क सञ्चालन गर्न सार्बजनिक निजी साझेदारी अवधारणा अनुसार  प्रकृया अघि बढाउन नगरपालिका बोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय ४९ (उनान्चास)**

बालमैत्री स्थानीय शासन कार्यक्रमलाई निरन्तरता दिदै आगामी सन् २०१७ सम्ममा यस न.पा.लाई वालमैत्री नगर घोषणा गर्ने निर्णय भएको परिप्रेक्षमा बालमैत्री स्थानीय शासन कार्यक्रम सम्बन्धी आवश्यक रणनीति तथा  निर्देशिकाहरु बनाई क्रमश कार्यान्वयन गर्दै लैजाने  निर्णय गरियो ।

**निर्णय ५० (पचास)**

योजना, जिन्सी ,पंजीकरण  र  सूचना शाखाहरुमा  सफटवेयर जडान गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय ५१ (एकाउन्न)**

तुलसीपुर नगरपालिकाको फोहरलाई दिगो व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन तथा नियमावलीको परिधिभित्र रही  फोहर उत्सर्जन हुने क्षेत्रमा फोहर उत्पादनको परिमाण बमोजिम राजश्व परामर्श समितिको सिफारिस अनुसार सरसफाई शुल्क लागउने निर्णय गरीयो ।

**निर्णय नं. ५२ (बाउन्न)**

तुलसीपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र पहाडी भाग पर्ने र छिमेकी पहाडी जिल्लाबाट बसाई सराईको चाप बढि भएको साथै ठूलो संख्यामा युवाहरु बेरोजगार भएकोले शहर उन्मुख ग्रामिण गरीबि न्यूकिकरण कार्यक्रम संचालन गर्न गरीबी निवारण कोष केन्द्रिय कार्यालय काठमाण्डौमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३ (त्रिपन्न)**

तुलसीपुर नगरपालिकामा बातावरण मैत्री स्थानीय शासन कार्यक्रम लागू गर्नका लागि आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४ (चउन्न)**

तुलसीपुर नगरपालिका वडा नं ५ स्थित वसपार्कको पूर्वाधार विकास गरी तहांबाट संचालन हुने सवारी साधनहरुवाट पटके सवारी कर असुली गर्ने निर्णय गरियो ।

**निर्णय नं ५५(पचपन्न)**

तुलसीपुर नगरपालिका वडा न ७ को निमाबि प्रतापकोट र प्राबि मुलकोटमा थप एक/एक जना शिक्षकलाई नपा अनुदान दिने निर्णय गरीयो ।

**निर्णय नं ५६ (छपन्न)**

तुलसीपुर नगरपालिका क्षेत्रभित्र अवस्थित चमेरे गुफा, ऐतिहासिक दंगिशरण राजाको दरबार,गौरीगाउको ताल पुस्पलाल स्मृती पार्कर राप्ती शान्ति पार्क र शहिद स्मृतीपार्कको संरक्षण, संबर्द्धन र पुर्बाधार बिकासका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ५७ (सन्ताउन्न)**

तुलसीपुर नगरपालिका क्षेत्रमा भित्रि तथा बाहिरी चक्रपथको सम्भाब्यता अध्ययन गरी प्राप्त प्रतिवेदनका आधारमा सोको निर्माण तथा व्यवस्थापनका लागि सर्बदलिय/सर्बपक्षीय रुपमा ९ सदस्यीय समिति गठन गरी चत्रपथ निर्माण निर्देशिका २०७३ बनाई कार्यान्वयन गर्न तुलसीपुर नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं ५८(अन्ठाउन्न)**

यस नगरपालिका अन्तरगत नगरको गौरवको रुपमा रहेको पुष्पलाल वाल उद्यान र अरनीको खेल मैदान हाल नगर विकास समिति तुलसीपुरको स्वामित्वमा रहेकोले सर्वदलिय सर्वपक्षिय सहमतिबाट सोको स्वामित्व न.पा.मा हस्तान्तरण गरी त्यसको संम्वर्द्धन, संरक्षण र भौतिक पूर्वाधार विकास गर्न सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ५९ (उनान्साठि)**

नगरक्षेत्रभित्र जनस्वास्थ्य प्रर्वद्धनका लागि आवश्यक्तानुसार गरिब ,बिपन्न, सिमान्तकृत तथा पिछडिएको क्षेत्रमा बिभिन्न सरोकारवालाहरुको समन्वयमा स्वास्थ्य शिबिर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६० (साठी)**

यस नगरपालिका क्षेत्रभित्र लक्षित समुदायको सामाजिक एवं आर्थिक विकासका लागि सघ संस्थाहरुको गठन हुन बांकी संजालहरु गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६१ (एकसठ्ठी)**

तुलसीपुर नगरपालिका स्थापना हुनु अघि र भवन निर्माण आचार संहिता लागू हुनु अघि निर्माण भएका घरहरुलाई पनि नक्सापास गरी नियमन गर्नु पर्ने भएकाले भवन निर्माण आचार संहिता लागू हुनु भन्दा अघि निर्माण भएको घरहरुको हकमा प्रचलित कानुन बमोजिम जरीवाना लिई आ.ब. २०७३/०७४ भित्र अनिवार्य नक्सापास प्रकृयामा ल्याउने निर्णय गरियो ।

**निर्णय नं ६२ (बैसठ्ठी)**

तुलसीपुर नगरपालिकाको आर्थिक बर्ष २०७१/०७२ को बिज्ञ समुहद्धारा प्रस्तुत सामाजिक परिक्षणको प्रतिवेदन अनमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं ६३ (त्रिसठ्ठी)**

यस नगरपालिका अन्तर्गत रहेका शहरी वाटोहरुको Right of Way को निर्धारण गर्नुका साथै सहमति अनुसार खोलिएका वाटोहरु र यस नगरपालिकाको नाममा दर्ता श्रेष्ता रहेको बसपार्क स्थित जग्गामा तुलसीपुर -सुर्खेत सहायक मार्गमा कालोपत्रे भई पक्कि पुल समेत निर्माण भई सकेको परिप्रेक्षमा मालपोत र नापी कार्यालयहरुको समन्वयमा लगत कट्टी गर्ने कार्यको प्रारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं ६४ (चौसठ्ठी)**

तुलसीपुर नगरपालिका भित्र निजीक्षेत्र आर्कषित हुन सक्ने क्षेत्रको पहिचान गरी बिकास र बिस्तार गर्न प्रचलित कानुनको परिधि भित्र रहि एक सार्बजनिक निजि साझेदारी समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६५ (पैसठ्ठी)**

यस नगरपालिकाको नाममा दर्ता श्रेष्ता रहेको तुलसीुर ५ ख कि.नं. ५४५ ज.बि. ०-३-० मा बिभिन्न व्यक्तिहरुले बर्षौ पहिले बसोबास गरि घरहरु निर्माण गरि यस नगरपालिकाबाट समेत उक्त स्थानमा कालोपत्रे समेत गरी आएको परिप्रेक्षमा बसोबास गर्दै आएका सम्बन्धित व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिम ब्यवस्थित बसोबासका लागि संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय मार्फत सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ६६ (छैसठ्ठी)**

तुलसीपुर नगरपालिकाको स्वीकृत दरबन्दी अधिकृत स्तर छैठौं तह (ईन्जीनियर) लगाएतका पदहरुमा हाल सेवा करारमा सेवा लिदैं आईरहेकोमा उक्त पदहरुको स्थायी पदपुर्ति गर्नुपर्ने भएकाले नगरपालिका बोर्डबाट आवश्यक प्रकृया पुरा गरी स्थायी पदपुर्ति गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६७ (सतसठ्ठी)**

यस नगरपालिकामा रहेको साझेदारी बिकास कोषलाई समयानुकुल ब्यवस्थित गर्नका साथै लगानीमा रहेको रकम असुलीका लागि आवश्यक नीति तथा कार्ययोजना बनाई ब्यवस्थापन गर्न तुलसीपुर नगरपालिका बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६८ (अठसठ्ठी)**

नगरपालिका क्षेत्रबिस्तार भई साबिकका गा.बि.सहरुमा संचालित गाउ बिकास कोष लगाएत अन्य कोष तथा कार्यक्रमहरु समायोजनका लागि आवश्यक ब्यवस्था गर्न तुलसीपुर नगरपालिका बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६९ (उनान्सहत्तरी)**

तुलसीपुर नगरपालिकाको १९औं नगरपरिषदबाट नगरपालिकाको कर्मचारी दरबन्दी र कार्य बिभाजनका लागि सांगठनीक बिकास पुनरावलोकन(OD) गर्ने निर्णय भएकोले सांगठनिक पुनरावलोकनको प्रतिवेदन अनुसार आवश्यक प्रकृया पुरा गरी सोहि अनुरुप दरबन्दी र कार्य बिभाजन गर्न नगरपालिका बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७० (सहत्तर)**

तुलसीपुर नगरपालिका क्षेत्रको बजार बिभेदिकरण गरी ब्यवस्थित गर्ने सन्र्दभमा यस क्षेत्रका कतिपय सरकारी कार्यालयहरुको आफ्नै स्वामीत्वमा जग्गा तथा भवन नभई बसाई ब्यवस्थापनमा कठिनाई भईरहेको र भबिश्यमा स्थापना हुने अन्य सरकारी कार्यालयहरुका लागि अन्य स्थानमा ठूलो परिमाणमा जग्गाको सम्भावना नभएकोले उपयुक्त स्थानमा आवश्यक जग्गाको ब्यवस्थानका लागि तुलसीपुर नगरबिकास समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ७१ (एकहत्तर)**

तुलसीपुर नगरपालिका बजारको नजिकै रहेको पातुखोला बिगत देखि नै तिब्र अतिक्रमणको चपेटामा परेको सन्दर्भमा यसको निश्चित पानीको बहाव क्षेत्र कायम गर्दै बातावरणीय तथा पर्यावरणीय संरक्षण सहित बिकास गर्नका लागि जिल्ला भूसंरक्षण कार्यालय लगायतका अन्य सरोकारवाला निकायहरुको समन्वय र साझेदारीमा भूक्षय तथा नदिकटान नियन्त्रण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ७२ (बहत्तर)**

यस नगरपालिकाको नाममा दर्ता श्रेष्ता रहेको बसपार्क स्थित बिकसित नक्सा प्लट नं. ६४, ६५ समेतका घडेरी जग्गाहरुको सम्बन्धमा संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट निकाशा प्राप्त गरी उपयुक्त ब्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७३ (त्रिहत्तर)**

तुलसीपुर नगरपालिका क्षेत्र भित्र पर्ने राप्ती लोकमार्ग र घोराही-तुलसीपुर-सुर्खेत सहायक सडकको बिस्तार गर्दा उपरोक्त सडकहरुको दायाबायां पर्ने घरहरु तत्कालिन मापदण्ड(तुलसीपुर नगरबिकास समिति समेत) अनुसार निर्माण भई नक्सापास समेत भईसकेका घरहरुलाई उचित मुआब्जा उपलब्ध गराई सडकको सिमा बिस्तार गर्न र बजार क्षेत्रमा सडकसिमा बिस्तार गर्दा ठूलो संख्यामा भौतिक पुर्वाधारहरुको हानीनोक्सानी हुने भएको तथ्यलाई मध्यनजर गर्दै उक्त समस्याको निराकरणका लागि बैकल्पीक मार्गको प्रारम्भिक अध्ययन गरी सर्भेडिजाईन गर्नका लागि नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ७४ (चौहत्तर)**

तुलसीपुर नगरपालिका बिस्तार भएको परिप्रेक्षमा यस क्षेत्रभित्र रहेका कृषियोग्य जमिनको उर्वराशक्तिलाई ह्रास हुन नदिई सोको उचित ब्यवस्थापन गर्दै ग्रामिण वडाहरुमा सिचाई प्रणालीको ब्यस्थापनलाई प्रभावकारी बनाउन निकायगत समन्वय गरी पहलकदमी लिने निर्णय गरियो ।

**निर्णय नं ७५ (पचहत्तर)**

तुलसीपुर नगरपालिकामा गठन भएको पदपुर्ति समितिको आ.ब. २०७१/०७२ को बार्षिक प्रतिवेदन अनमोदन गर्ने निर्णय गरियो

**निर्णय नं ७६ ( छहत्तर)**

तुलसीपुर नगरपालिका भित्र पर्ने लोकमार्ग, सहायक मार्गको सडकसिमा(Right of Way) बमोजिम रेखाङ्कन गरी पिलर गाडन मध्यपश्चिम सडक डिभिजन कार्यालय नं. २ दाङ्गलाई अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं ७७ (सत्हत्तर)**

सन २०१९ सम्म तुलसीपुर नगरपालिकाकालाई पूर्ण सरसफाई नगर बनाउनका लागि आवश्यक कार्य गर्न तुलसीपुर नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ७८ (अठअत्तर)**

तुलसीपुर नगरपालिकाको घर नस्सापास कार्यबिधि २०७२ स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं ७९ (उनासी)**

तुलसीपुर नगरपालिकाको सडकको गूरुयोजना तयार गर्न छनोट भएको ईन्क्लुसिप कन्सल्टेन्ट प्रा.लिद्धारा निर्माण गरिएको बास्तबिक अवस्था पहिचान गर्न निर्माण गरिएको MTMP स्वीकृत गर्ने निर्णय गरियो । साथै नारीक बढापत्र,भूउपयोग निर्देशिका,घरनक्सापास निर्देशिका २०६३ लाई अद्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं ८० (असी)**

बढदो लोडसेडिङ्गको मारबाट नगरबासीहरुलाई केहि राहत दिन बैकल्पीक उर्जा प्रवर्द्धन कार्यलाई जोडदिदै घरनक्सापास गर्दा सोलार जडान अनिवार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ८१ (एकासी)**

नगरको सौन्दर्य बढाई ,बातावरण संरक्षण , हरियाली प्रबर्द्धन र भूक्षय नियन्त्रण गर्नका लागि योजना सम्पन्न भए पछि सडकको किनारामा बृक्षारोपण गर्ने कार्यलाई अनिवार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ८२ (बयासी)**

तुलसीपुर नगरको फोहर ब्यवस्थापनलाई प्रभावकारी बनाई यसको न्यूनिकरण गर्न, कुहिने फोहरलाई श्रोतमा परिणत गरी बैकल्पीक उर्जा प्रबर्द्धनका लागि सेफ्टी टयाङ्कीको सट्टा बायोग्यास प्लान्टको रणनीति अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं ८३ (त्रियासी)**

यस नगरपालिका क्षेत्रको विकास र समुन्तिका लागि हरप्रकारले सहयोग, सल्लाह र सुझाब दिई मार्ग निर्देशन गर्नुहुने राजनितिक दल, पूर्व जनप्रतिनिधीहरु, उद्योगपति, व्यापारीहरु, नागरिक समाज, निजी क्षेत्र, समाजसेवी, नगरवासी लगायत विभिन्न संघ संस्थाहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

उपर्युक्त अनुसारका ८३ वटा निर्णयहरु गर्दै २० औं नगर परिषदको वैठक समापन गरियो ।

# ईतिसम्वत २०७२ साल पौष २४ गते शुक्रबार शुभम

## अनुसुचि १ :निर्णय नं. ९  संग सम्बन्धित कर्मचारि दरबन्दी

| सि.नं. | पदको विवरण | तह | १९ औं न.प.बाट स्वीकृत दरबन्दी | २०औं न.पा.बाट खारेजी | २०औं न.प.बाट जम्मा स्वीकृत दरबन्दी | स्थायी/अस्थायी/ करार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय अधिकृत | अधिकृतस्तर छैठौतह | १ (एक) | | १ (एक) | स्थायी | |
| २ | समाजकल्याण अधिकृत | अधिकृतस्तर छैठौतह | १ (एक) | | १ (एक) | स्थायी | |
| ३ | वित्तिय अधिकृत | अधिकृतस्तर छैठौतह | १ (एक) | | १ (एक) | स्थायी | |
| ४ | ईञ्जिनियर | अधिकृतस्तर छैठौतह | १ (एक) | | १ (एक) | करार | |
| ५ | शाखा अधिकृत | ऋधिकृत स्तर छैंठौं | १ (एक) | | १ (एक) | स्थायी | |
| ६ | लेखाअधिकृत | सहायक स्तर छैठौं | १ (एक) | | १ (एक) | स्थायी | |
| ७ | समुदाय परिचालक | सहायकस्तर पांचौतह | ३ (तीन) | | ३ (तीन) | स्थायी | |
| ८ | नायब सुब्बा | सहायकस्तर पांचौतह | १३(तेह्र) | | १३(तेह्र) | स्थायी | |
| ९ | लेखापाल | सहायकस्तर पांचौं | १(एक) | | १(एक) | स्थायी | |
| १० | खरीदार | सहायकस्तर चौथोतह | ९(नौ) | | १२(बाह्र) | स्थायी | नगरबिस्तार पछि थप |
| ११ | खरीदार | सहायक स्तर चौथोतह | | | २(दुई) | अस्थायी | नगरबिस्तार पछि थप |
| ११ | अ.सव ईञ्जिनियर | सहायकस्तर चौथोतह | २ (दुई) | | २ (दुई) | स्थायी | |
| १३ | अ.सव ईञ्जिनियर | सहायकस्तर चौथोतह | | | १(एक) | अस्थायी | नगरबिस्तार पछि थप |
| १२ | कम्प्यूटर अपरेटर | सहायकस्तर चौथोतह | १ (एक) | | १ (एक) | स्थायी | |
| १३ | अमिन | सहायकस्तर चौथोतह | १ (एक) | | १ (एक) | स्थायी | |
| १६ | मुखिया | सहायकस्तर तेश्रोतह | | | १(एक) | अस्थायी | नगरबिस्तार पछि थप |
| १४ | प्लम्वर | सहायकस्तर पहिलो तह | १ (एक) | | १ (एक) | करार | |
| १५ | ड्राईभर | भारी चालक | २ (दुई) | | २ (दुई) | करार | |
| १६ | ड्राईभर | हलुका चालक | १ (एक) | | १ (एक) | स्थायी | |
| १७ | नगर रक्षक | सहायकस्तर पहिलो तह | २ (दुई) | | २ (दुई) | स्थायी | |
| १८ | फायरमेन | सहायकस्तर पहिलो तह | १ (एक) | | १ (एक) | स्थायी | |
| १९ | चौकीदार | सहायकस्तर पहिलो तह | २ (दुई) | | २ (दुई) | स्थायी | |
| २० | पियन | सहायकस्तर पहिलो तह | ७ (सात) | | १० (दश) | स्थायी | नगरबिस्तार पछि थप |
| २१ | स्वीपर | सहायकस्तर पहिलो तह | ९ (नौ) | | ९ (नौ) | २ जना करार ७ जना स्थायी | |
| | **जम्मा** | | **६१(एकसठी)** | | **७१ (एकहत्तर)** | | |